गोरखापत्र
www.gorkhapatraonline.com
ज्ञान सागर
२०७८ साल साउन १३ गते बुधबार
2021 July 28 Wednesday


## वस्तुगत प्रश्नोत्तर

१. **३२औँ संस्करणको टोकियो ओलम्पिकमा सबैभन्दा कम उमेरको खेलाडी को हुन् ?**



✍ हेन्ड जाजा (सिरियाकी टेबलटेनिस खेलाडी)
(ओलम्पिकमा पहिलो पटक सहभागी जाजाको उमेर १२ वर्ष मात्र रहेको । गत वर्ष जोर्डनमा सम्पन्न ओलम्पिक छनोटमा जाजाले स्थान सुरक्षित गर्दा ११ वर्ष मात्र थिइन् ।)

२. **हाल अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको अध्यक्षमा को रहेका छन् ?**
✍ थोमस बाख

३. **अमेरिकी अन्तरिक्ष एजेन्सी (नासा)ले कुन ग्रहको एउटा पर्वतको नाम सगरमाथामा पहिलो पाइला राख्ने नेपाली आरोही तेन्जिङ नोर्गेको नाममा 'नोर्गे मोन्टस' राखेको छ ?**
✍ प्लुटो

४. **प्रसिद्ध पुस्तक 'एनिमल फार्म'का लेखक को हुन् ?**
✍ जर्ज अर्वेल

५. **नेपालबाटै लोप भएको भनिएको सिरीगाई कहाँ फेला परेको छ ?**
✍ ताप्लेजुङमा
(करिब तीन वर्षअघि नै लोप भइसकेको भनिएको सिरीगाई ताप्लेजुङको साब्लाखु, सिनाम र आँखोपमा फेला परेका छन् । त्यहाँ फेला परेका गाई, गोरु र बाच्छालाई अनुसन्धान एवं संरक्षणका लागि कृषि अनुसन्धान परिषद् (नार्क)मा लगिएको छ । यसअघि मुस्ताङबाट लिली जातको गाई र अछामबाट अछामी जातको गाई तथा गोरु नार्कले खुमलटार लगेको छ । लोपोन्मुख प्रजातिका गाईको संरक्षण तथा थप उत्पादनका लागि नार्कले सङ्कलन तथा पहिचानको अभियान चलाएको जनाइएको छ ।)

६. **मानव विकास सूचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका तराई–मधेसका स्थानीय तहमा तराई–मधेस समृद्धि कार्यक्रम कहिलेदेखि सञ्चालनमा ल्याइएको हो ?**
✍ आ.व. २०७५/७६
- तराई–मधेस समृद्धि कार्यक्रमले भौतिक पूर्वाधार विकास गरी सार्वजनिक क्षेत्रमा पहुँच वृद्धिका साथै रोजगारी र आय आर्जनमा जोड दिएको ।
- सङ्घीय र स्थानीय सरकारको लागत साझेदारीमा सञ्चालित यो कार्यक्रममा सङ्घीय सरकारको अधिकतम ९० प्रतिशत र स्थानीय सरकारको न्यूनतम १० प्रतिशत हुनुपर्ने प्रावधान रहेको ।
- कार्यक्रमअन्तर्गत सामूहिक आवास भवन, सामुदायिक पूर्वाधार, सडक, कृषि विकास, खानेपानी तथा सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण, ऊर्जा, विपत् न्यूनीकरण पूर्वाधार आयोजना सञ्चालन गरिएको ।

७. **पृथ्वीको उत्तरी र दक्षिणी ध्रुव जोड्ने अर्धवृत्ताकार काल्पनिक रेखालाई के भनिन्छ ?**
✍ देशान्तर
- देशान्तर रेखाहरू एक–एक डिग्री फरकमा पूर्वी गोलार्द्धमा १८० र पश्चिमी गोलार्द्धमा १८० गरी ३६० वटा हुन्छन् । हरेक १ डिग्री देशान्तरमा चार मिनेट समय फरक पर्छ ।
- कुनै स्थानको स्थानीय समय पत्ता लगाउन देशान्तर रेखाको सहयोग लिइन्छ ।

८. **नेपालको पहिलो कलेज 'त्रिचन्द्र कलेज'को स्थापना कहिले भएको हो ?**
✍ वि.सं. १९७५
- वि.सं. १९७६ मा त्रि–चन्द्रमा आई. ए. तथा आई.एस्सी., वि.सं. १९८१ मा बी.ए. तथा वि.सं. २००४ मा बी.एस्सी.को पठनपाठन सुरु भएको हो ।
- वि.सं. २०३० मा नयाँ शिक्षा लागू गरिएपश्चात् यसलाई त्रि–चन्द्र कलेजबाट त्रि–चन्द्र क्याम्पस नामकरण गरिएको ।

९. **आषाढ शुक्ल एकादशीलाई हरिशयनी एकादशी भनिन्छ भने कार्तिक शुक्ल एकादशीलाई के भनिन्छ ?**
✍ हरिबोधिनी एकादशी

१०. **विभिन्न किसिमका जीवजन्तु, पशुपन्छी, कीटपतङ्गको वासस्थानका लागि सीम, घोल, पोखरी, नदी किनारमा सधैँ पानीले भिजिरहने ओसिलो भूमिलाई के भनिन्छ ?**
✍ सिमसार

११. **"हाम्रो सबैभन्दा ठूलो कमजोरी प्रयत्न गर्न छोड्नुमा छ, सफलता प्राप्त गर्ने सबैभन्दा सुनिश्चित उपाय भनेको अर्को एक पटक प्रयत्न गर्नु मात्र हो" भन्ने विचारक को हुन् ?**
✍ थोमस अल्वा एडिसन, वैज्ञानिक

१२. **'सङ्गीत शिरोमणि' भनी यज्ञराज शर्मालाई चिनिन्छ भने 'वाद्य शिरोमणि' भनी कसलाई चिनिन्छ ?**
✍ उस्ताद गणेशलाल

१३. **नेपालमा धामी–झाँक्रीले गजाले हिर्काएर बजाउने बाजालाई के भनिन्छ ?**



✍ ढ्याङ्ग्रो

१४. **कुनै वस्तुमा भएको पदार्थको परिमाणलाई के भनिन्छ ?**
✍ पिण्ड
(वस्तुको पिण्ड भौतिक तराजुले नापिन्छ । अन्तर्राष्ट्रिय नापतौल विभागमा राखिएको प्लाटिनम इरिडियम धातुबाट बनेको ढकको पिण्डलाई एक किलोग्राम मानिन्छ ।)

१५. **पूर्वजबाट सरेर नआएको तर पछि अकस्मात देखा पर्ने नयाँ गुणयुक्त सन्ततिको विकास हुने प्रक्रियालाई के भनिन्छ ?**
✍ उत्परिवर्तन
- एउटै जातिका सजीवहरूको बीचमा देखा पर्ने असमानतालाई परिवृत्ति (मातापितामा भन्दा सन्तानमा देखिने केही न केही भिन्नता) भनिन्छ ।
- एकै खाले वंशाणु भएर पनि फरक–फरक किसिमको वातावरणमा हुर्कँदै जाँदा विभिन्नता देखा पर्नुलाई वातावरणीय परिवृत्ति भनिन्छ ।

१६. **मुटुबाट शरीरका विभिन्न भागमा रगत पुऱ्याउने रक्त नलीलाई के भनिन्छ ?**
✍ धमनी (Arteris)
(शरीरका विभिन्न भागबाट रगत मुटुसम्म पुऱ्याउने रक्तनलीलाई शिरा (खभष्लक) भनिन्छ ।)

१७. **महान् दार्शनिक सुकरातको जन्म कहाँ भएको थियो ?**
✍ ग्रिसको एथेन्स सहरमा

१८. **काठको प्रयोग गरी विभिन्न मूर्ति, भाँडा एवं झ्यालढोका, टुँडाल, फर्निचर आदि निर्माणसम्बन्धी कलालाई के भनिन्छ ?**
✍ काष्ठकला

१९. **नेपालमा सर्वप्रथम स्थापना भएको औद्योगिक क्षेत्र कुन हो ?**
✍ बालाजु औद्योगिक क्षेत्र (वि.सं. २०१६)

२०. **भ्रष्टाचार निवारणका सम्बन्धमा प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा स्थापित अड्डाको नाम के हो ?**
✍ धर्म कचहरी

२१. **'ऊ मरी अरे' नामक कृतिका रचनाकार सुवास घिसिङ हुन् भने 'ऊ मरेकी छैन' नामक कृतिका रचनाकार को हुन् ?**
✍ बालकृष्ण सम

२२. **झाँगड भाषा कुन भाषिक परिवारभित्र पर्दछ ?**
✍ द्रविड

२३. **नेपालमा दिगो आर्थिक विकास र मजबुत ग्रामीण अर्थतन्त्रद्वारा गरिबी निवारण गर्ने बलियो आधार केलाई मानिएको छ ?**
✍ कृषि

२४. **दुई हात प्रयोग गरी बजाइने आवाजलाई ताली भनिन्छ भने दुई औँला प्रयोग गरी बजाइने आवाजलाई के भनिन्छ ?**
✍ चुट्की

२५. **नोबल पुरस्कार प्राप्त गर्ने विश्वको पहिलो महिला म्याडम म्यारी क्युरीको जन्म कहाँ भएको थियो ?**



✍ पोल्यान्डको वार्सा

२६. **मानव शरीरमा कति किसिमका जोर्नीहरू हुन्छन् ?**
✍ तीन (अचल जोर्नी, अर्धचल जोर्नी र चल जोर्नी ।)

२७. **दुग्ध विकास संस्थान (डीडीसी)को स्थापना कहिले भएको हो ?**
✍ वि.सं. २०२६ साउन १
- संस्थान ऐन, २०२१ अन्तर्गत यो संस्थानको स्थापना भएको ।
- ग्रामीण क्षेत्रका दुध उत्पादक कृषकलाई दूधको उचित मूल्यका साथै निश्चित बजारको व्यवस्था गर्ने एवं सहरी उपभोक्तालाई गुणस्तरयुक्त प्रशोधित दूध तथा दुग्ध पदार्थहरू सर्वसुलभ तरिकाले नियमित रूपमा आपूर्ति गर्ने उद्देश्यका साथ यस संस्थानको स्थापना भएको ।

२८. **टेलिप्रम्प्टर भनेको के हो ?**
✍ सार्वजनिक सम्बोधनका क्रममा वक्तालाई आफ्नो लिखित मन्तव्यको प्रस्तुतिमा सहजता पुऱ्याउने प्रविधि
- टेलिप्रम्प्टरमा पोडियमको नजिक आवश्यकताअनुसार एक वा दुईवटा पारदर्शी स्क्रिन राखिएको हुन्छ । आममानिसले यसलाई सहजै देख्न सक्दैनन् तर केही गहिरो गरी हेरेमा देख्न सकिने हुन्छ । यसमा वक्तालाई सहज हुने गरी वक्ताको नजिकै कतै बसेर वक्ताको गतिसँगै अक्षरहरू सार्दै गइन्छ । वक्ताले स्क्रिनमा सहजै ती अक्षरहरू पढ्न सक्छन् । यसबाट वक्ताले श्रोतातर्फ हेर्दै प्रभावकारी रूपमा आफ्नो लिखित मन्तव्य स्वतःस्फुर्त रूपमा व्यक्त गर्न सक्छन् ।
- नेपालमा पहिलो पटक वि.सं. २०७५ जेठ १६ मा यो प्रविधिको प्रयोग गरिएको ।

२९. **जयतु संस्कृतम् आन्दोलनको प्रारम्भ कहिले भएको थियो ?**
✍ वि. सं. २००४ असार १
(संस्कृत छात्रावास काठमाडौँका विद्यार्थीले सरकारसमक्ष विभिन्न माग राखी आन्दोलन प्रारम्भ गरेका थिए । तत्कालीन प्रधानमन्त्री पद्म शमशेरले संस्कृत भाषालाई मृत भाषा भनेकोमा चर्किएको सो आन्दोलन खासगरी शैक्षिक र राजनीतिक उद्देश्यबाट प्रेरित थियो ।)

३०. **नेपाली आधुनिक कलाका वरिष्ठ कलाकार उत्तम नेपाली (कर्माचार्य)को निधन कहिले भएको हो ?**
✍ वि.सं. २०७८ साउन ६ (८४ वर्षको उमेरमा)
- वि.सं. १९९४ मा काठमाडौं किलागलमा जन्मनुभएका नेपालीको शिक्षादीक्षा भारतको लखनऊमा भएको । केही समय सूचना विभाग, हुलाक सेवा विभाग तथा रेडियो नेपालमा समेत जागिर खाएका नेपाली तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा २०५२ देखि २०५६ सम्म प्राज्ञ परिषद्का सदस्यका रूपमा सक्रिय रहनुभएको ।
- उहाँले आधुनिक अमूर्त चित्रकलाको विकासमा ठूलो योगदान दिनुभएको । कला साहित्यमा समेत दख्खल राख्ने नेपालीको मुख्य पेसा भने आधुनिक चित्रकला नै रहेको ।
- यसबाहेक नेपाली कुशल अभिनेता पनि हुनुहुन्थ्यो । उहाँले नेपाली कलाकारलाई लिएर नेपालमै बनेको पहिलो नेपाली फिल्म आमामा खलनायकका रूपमा अभिनय गरी पहिलो नेपाली खलनायकको परिचय पनि बनाउनुभएको । नेपालीले यसबाहेक मनको बाँध, परिवर्तनजस्ता फिल्ममा पनि विभिन्न भूमिकामा अभिनय गर्नुभएको ।
- २०६१ सालमा उहाँको कृति 'उत्तम नेपालीका कविताहरू' प्रकाशित भएको ।
- उहाँका दुई छोरा, दुई छोरी र श्रीमती हुनुहुन्छ ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# वैदेशिक व्यापार

१. **नेपालको वैदेशिक व्यापारमा देखिएका समस्याहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ दुई वा सोभन्दा बढी देशहरूबीच वस्तु तथा सेवाको खरिद–बिक्रीको कारोबार हुनु वैदेशिक व्यापार हो । वैदेशिक व्यापार विश्व अर्थतन्त्रसँग आबद्ध हुने प्रमुख माध्यम पनि हो । सामान्यतया आफ्नो देशमा उत्पादन हुने वस्तुको निर्यात गर्न र उत्पादन नहुने वस्तुको सहज आपूर्ति गर्न वैदेशिक व्यापार गर्ने गरिन्छ । नेपाल भूपरिवेष्टित देशका रूपमा आर्थिक र भौगोलिक हिसाबले दुई ठूला देश भारत र चीनको बीचमा अवस्थित छ । नेपाल र भारतबीच खुला सिमाना छ । प्रभावकारी सीमा सुरक्षा र सशक्त भन्सार प्रणालीको अभावका कारण चोरी निकासी पैठारीमा पूर्ण नियन्त्रण हुन नसकेको अवस्था छ । आयात निर्यातको वास्तविक सूचना तथा तथ्याङ्क उपलब्ध हुन सकेको छैन । यो नेपालको वैदेशिक व्यापारमा देखिएको प्रमुख समस्या हो । यसका अरू समस्यालाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- निर्यातको तुलनामा आयात बढी हुनु, यसबाट व्यापार घाटा बढ्दै जानु, आ.व. २०७७/७८ मा आयात रु. १५ खर्ब ३९ अर्ब र निर्यात रु. एक खर्ब ४१ अर्ब भई व्यापार घाटा रु. १३ खर्ब ९८ अर्ब पुगेको छ । जुन हालको कुल गार्हस्थ उत्पादन रु. ४२ खर्ब ६६ अर्बको ३२.७७ प्रतिशत र चालू वर्षको बजेट रु. १६ खर्ब ४७ अर्बको ८४.८८ प्रतिशत हुन आउँछ । यस्तो व्यापार घाटा आ.व. २०७६/७७ मा आयात रु. १० खर्ब ९९ अर्ब र आ.व. २०७५/७६ मा आयात रु. १३ खर्ब २१ अर्ब रहेको थियो ।
- नेपालको वैदेशिक व्यापार बढी आयातमुखी हुनु, त्यसमा पनि बढी भारतमुखी हुनु, आ.व. २०७७/७८ मा भारतसँग व्यापार घाटा रु. आठ खर्ब ६५ अर्ब छ, जुन कुल व्यापार घाटाको ६२ प्रतिशत हिस्सा हो । चीनसँग आ.व. २०७७/७८ मा खासै व्यापार भएन, तैपनि चीनसँग व्यापार घाटा रु. एक खर्ब ३२ अर्ब छ, जुन कुल व्यापार घाटाको ९.५ प्रतिशत हिस्सा हो ।
- पेट्रोलियम पदार्थको बढ्दो आयातले व्यापार घाटा उच्च हुँदै जानु, आ.व. २०७७/७८ मा रु. दुई खर्ब १४ अर्बको अयात, कुल व्यापार घाटामा १५ प्रतिशत योगदान,
- नेपालको निर्यात व्यापार भरपर्दो र टिकाउयोग्य नहुनु, भारतकै कच्चा पदार्थ प्रयोग गरी सामान्य प्रशोधन गरेर भारत निर्यात गर्ने प्रकृतिको हुनु, जस्तै : पाम आयल,
- परम्परागत उत्पादन प्रविधिले गर्दा उत्पादन लागत बढ्नु,
- महँगा सवारी साधन, सुनलगायतका विलासिताका वस्तुको प्रयोग बढ्दै जानु,
- निकासीयोग्य वस्तुको अध्ययन, अनुसन्धान एवं पहिचान हुन नसक्नु,
- तरकारी, फलफूल, खाद्यान्नलगायतका कृषियोग्य वस्तुहरूको आयात बढ्दै जानु,
- देशगत र वस्तुगत व्यापार विविधीकरण हुन नसक्नु,
- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सन्धि सम्झौताहरूबाट प्राप्त अवसरहरूको उपयोग गर्न नसक्नु,
- विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूबाट आर्थिक कूटनीति प्रभावकारी हुन नसक्दा तेस्रो देशमा व्यापार बढ्न नसक्नु,
- उद्योग, व्यापार क्षेत्रमा वैदेशिक लगानी बढ्न नसक्नु,
- उद्योग, व्यापार एवं आयात निर्यात क्षेत्रमा पर्याप्त पूर्वाधारको कमी हुनु ।
- यसरी नेपालको वैदेशिक व्यापारमा यी र यस्तै प्रकृतिका समस्याहरू छन् । यसका लागि भारतबाट बढी आयात हुने वस्तुको स्वदेशमा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुपर्दछ । पेट्रोलियम पदार्थको विकल्पमा विद्युत्को प्रयोग बढाउनुपर्दछ । साना र महँगा निजी सवारी साधनभन्दा ठूला र सस्ता विद्युतीय सार्वजनिक सवारी साधनमा जोड दिई बहुपक्षीय प्रयास र प्रयत्नबाट उच्च व्यापार घाटा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

२. **नेपालको संविधानमा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी के कस्तो नीतिगत व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा ५१ (क)ले नेपालमा राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिगत व्यवस्था गरेको छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**राष्ट्रिय एकता**
- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण,
- राष्ट्रिय एकता अक्षुण्ण राख्ने,
- विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम,
- सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास,
- राष्ट्रिय एकता प्रवर्द्धन ।

**राष्ट्रिय सुरक्षा**
- शान्ति सुरक्षाको व्यवस्था,
- मानवीय सुरक्षाको प्रत्याभूति,
- राष्ट्रिय सुरक्षा प्रणालीको विकास,
- राष्ट्रिय सुरक्षा नीति,
- सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने,
- नागरिकलाई देशको सेवा गर्न तत्पर र सक्षम बनाउने,
- पूर्वराष्ट्रसेवकहरूको ज्ञान, सीप र अनुभव उपयोग गर्ने ।

३. **स्वास्थ्य समस्या हटाउन व्यक्तिले निर्वाह गर्नसक्ने भूमिकाबारे चर्चा गर्नुहोस् ।**
✍ मानिसमा विभिन्न प्रकारका स्वास्थ्य समस्या हुन्छन् । मानिसको आफ्नो शरीर, घरपरिवार, समाज, वातावरणलगायतका स्वास्थ्य समस्या देखिन सक्ने सबै क्षेत्रको सरसफाइ गर्ने, सचेतना अभिवृद्धि गर्नेलगायतका कार्यमा व्यक्तिले बहुआयामिक भूमिका निर्वाह गर्न सक्दछ । कोभिडजस्तो सरुवा रोग नियन्त्रणमा त व्यक्तिको भूमिका अपार हुन्छ । समग्रमा स्वास्थ्य समस्या हटाउनका लागि व्यक्तिले निम्न भूमिका निर्वाह गर्न सक्दछ :
- खाना खानुअघि र पछि राम्ररी हात धुने, अरूलाई पनि सोहीअनुसार गर्न सल्लाह सुझाव दिने,
- खानेकुरा राम्ररी सफा गरी पकाई सन्तुलित तरिकाले सेवन गर्ने,
- शरीरका अङ्गहरूको नियमित सरसफाइ गर्ने, अरूलाई पनि सरसफाइ गर्न सल्लाह सुझाव दिने,
- शौचालयको प्रयोग गर्ने तथा अरूलाई पनि प्रयोग गर्न सल्लाह सुझाव दिने,
- धूमपान तथा मद्यपान नगर्ने, अरूलाई पनि नगर्न सल्लाह सुझाव दिने,
- नियमित रूपमा शारीरिक व्यायाम गर्ने, खेलकुदमा संलग्न हुने,
- बेला–बेलामा स्वास्थ्य परीक्षण गराउने र आवश्यकताअनुसार उपलब्ध स्वास्थ्य सेवाको उपयोग गर्ने, अरूलाई पनि गर्न लगाउने,
- रोग लाग्नूपूर्व होसियारी अपनाउने तथा रोग लागेपछि नियमित उपचार गर्ने,
- घरपरिवार, समाजमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने,
- स्वास्थ्य शिक्षामा अध्ययन, अनुसन्धान गरी असल राष्ट्रसेवक बन्ने ।

४. **नेपालको संविधान, २०७२ अनुसार राज्यले अर्थ, उद्योग र वाणिज्यसम्बन्धी के कस्ता नीतिहरू अवलम्बन गर्ने व्यवस्था छ ? लेख्नुहोस् ।**
✍ नेपालको संविधान, २०७२ को धारा ५१ (घ) अनुसार राज्यले अर्थ, उद्योग र वाणिज्यसम्बन्धी निम्नानुसारका नीतिहरू अवलम्बन गर्ने व्यवस्था छ :
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने,
- अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने,
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने,
- आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने,
- उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने,
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रणजस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,
- राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने,
- राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने,
- राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने,
- वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने,
- गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,
- औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने ।

५. **नेपाल सरकारले सार्वजनिक संस्थानको निजीकरण के कस्ता प्रक्रिया अपनाई गर्न सक्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालमा सार्वजनिक संस्थान निजीकरण गर्नका लागि निजीकरण ऐन, २०५० तर्जुमा गरिएको छ । अर्थमन्त्री वा अर्थराज्यमन्त्रीको अध्यक्षतामा निजीकरण समितिको व्यवस्था छ । निजीकरण ऐन, २०५० अनुसार नेपाल सरकारले निजीकरणका लागि वर्गीकृत कुनै सार्वजनिक संस्थानलाई देहायको कुनै वा सबै प्रक्रिया अपनाई निजीकरण गर्न सक्ने व्यवस्था छ :
- शेयर बिक्री गरेर,
- सार्वजनिक संस्थानको शेयरहरू जनसाधारण, कर्मचारी, कामदार तथा त्यस्तो संस्थानको व्यवस्थापन सञ्चालन गर्न इच्छुक व्यक्ति वा कम्पनीलाई बिक्री गरेर, यसरी शेयर बिक्री गर्दा संस्थानको प्रकृति तथा वित्तीय अवस्था हेरी सम्भव भएसम्म जनसाधारण, कामदार तथा कर्मचारीको बढी सहभागिता गराइने व्यवस्था छ ।
- सहकारीकरण गरेर,
- सम्पत्ति बेचबिखन गरेर,
- सम्पत्ति भाडामा दिएर,
- व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराएर,
- निजीकरण समितिको सिफारिसमा नेपाल सरकारले उपयुक्त देखेको अन्य कुनै माध्यम अपनाएर ।

६. **वडा अध्यक्षको काम, कर्तव्य र अधिकार के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वडा अध्यक्षको काम, कर्तव्य र अधिकार निम्नअनुसार छन् :
- वडा समितिको अध्यक्ष भई कार्य गर्ने,
- वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,
- वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेस गर्ने,
- वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,
- विविध विषयमा सिफारिस तथा प्रमाणितसम्बन्धी कार्य गर्ने,
- सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिससम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,
- कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL